नेपाल सरकार

# प्रदेश प्रमुखको कार्यालय

प्रदेश नं. ३

हेटौडा, मकवानपुर

**संविधान दिवस तथा राष्ट्रिय दिवस २०७५ का अवसरमा प्रदेश नं का माननीय प्रदेश प्रमुख अनुराधा ३. कोइरालाज्यूले दिनु भएको शुभकामना सन्देश**

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागी नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र वलिदानको प्रतिफल स्वरुप ऐतिहासिक संविधानसभा मार्फत नेपालको संविधान प्राप्त गरेका छौं ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति , सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न संविधान सभाबाट पारित बर्तमान संविधानले नेपाल स्वतन्त्र , अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजबाद उन्मुख , संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा परिभाषित गरी सोही बमोजिमको अभ्यासमा हामी क्रियाशील रहेका छौं ।

संविधानको मर्म वमोजिम नै प्रदेश प्रमुख , प्रदेश संसद, प्रदेश सरकार गठन भई हामी यसको अभ्यासको शुरुवाती प्रकृयामा रहेका छौ । यस अवधीमा प्रदेश संसदबाट पारित भई पेश भएका १३ वटा विधेयकहरु प्रमाणीकरण भईसकेको छ ।

संविधानले परिकल्पना गरेको समाजबाद उन्मुख अर्थतन्त्र , सामाजिक न्यायमा आधारित समतामूलक समाजको लागि यस प्रदेशमा रहेको अथाह प्राकृतिक स्रोतसाधन , पूर्वाधार, पर्यटन, सांस्कृतिक सम्पदा र विविधता तथा मानवस्रोतको भरपुर उपयोग गरी यस प्रदेशलाई समृद्ध बनाउन सक्दछौं भन्ने मैले विश्वास लिएको छु । आपसी विश्वास, भाइचारा, सहिष्णुता, मेलमिलाप आदिद्धारा सुखी नेपाली र समृद्ध नेपालको आधार यस प्रदेशवाट दिन सक्दछौं ।

अन्त्यमा, संविधान दिवसको यस चौंथो वार्षिक अवसरको सुखद घडीमा संविधानले परिकल्पना गरेको महान लक्ष्य, लोकतन्त्रको जगेर्ना र राष्ट्रिय हित , एकता र समृद्धितर्फ मन , बचन र कर्मले दत्तचित्त भई लाग्न यस प्रदेशका सम्पूर्ण राजनैतिक दलहरु र दिदीवहिनी, दाजुभाईहरुमा शुभेक्षा प्रकट गर्दछु ।

अनुराधा कोइराला
प्रदेश प्रमुख

मिति २०७५।०६।०३